व्यास नगर कार्यपालिकाको २३३ औं बैठक आज मिति२०८२/१२/०४ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगरप्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडाअध्यक्ष वडानं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडाअध्यक्ष वडानं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाअध्यक्ष वडानं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडाअध्यक्ष वडानं. ४ | - श्री मनबहादुर गुरुङ्ग | अनुपस्थित |
| वडाअध्यक्ष वडानं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाअध्यक्ष वडानं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडाअध्यक्ष वडानं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाअध्यक्ष वडानं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडाअध्यक्ष वडानं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडाअध्यक्ष वडानं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडाअध्यक्ष वडानं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडाअध्यक्ष वडानं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडाअध्यक्ष वडानं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडाअध्यक्ष वडानं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

| | |
|---|---|
| प्रस्ताव नं.१: | मिति २०८२/११/१० मा भएको २३२ औं वैठकको निर्णयहरु र कार्यालयको सेवा प्रवाह सम्बन्धी समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.२: | व्यास नगरपालिकाको ३४ औं स्थापना दिवसको तयारी सम्बन्धमा । |
| प्रस्ताव नं.३: | आ.व. ०८२/०८३ को वित्तीय प्रगतीको समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.४: | व्यास नगरपालिकाको गरिव घर परिवारको विवरण प्रकाशित एवं गुनासो व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.५: | दोस्रो चौमासिक सार्वजनिक सनुवाई गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.६: | भूमि बैक स्थापना एवं सञ्चालन कार्यविधि, २०८२ तर्जुमा गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.७: | व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१ संशोधन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.८: | व्यास नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन एवं वित्तीय साक्षरता सम्बन्धमा । |
| प्रस्ताव नं.९: | नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतका बीच कार्य सम्पादन सम्झौता सम्बन्धमा । |
| प्रस्ताव नं.१०: | व्यास नगरपालिकाको अध्यावधिक योजना २०८२/०८६ को तयारी सम्बन्धमा । |
| प्रस्ताव नं.११: | शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१२: | राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा । |
| प्रस्ताव नं.१३: | योजना परिवर्तन सम्बन्धमा । |
| प्रस्ताव नं.१४: | जग्गा विकास आयोजनाको भेरियसन सम्बन्धमा । |
| प्रस्ताव नं.१५: | ब्याज र हर्जना मिनाहा सम्बन्धमा । |
| प्रस्ताव नं.१६: | ओसो केन्द्र सञ्चालन अनुमति दिने सम्बन्धमा । |
| प्रस्ताव नं.१७: | ट्याम्पु व्यवसायीहरुलाई संस्था दर्ता अनुमति दिने सम्बन्धमा । |
| प्रस्ताव नं.१८: | स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा । |
| प्रस्ताव नं.१९: | शिक्षा सम्बन्धी विभिन्न प्रस्तावहरु सम्बन्धमा । |
| प्रस्ताव नं.२०: | व्यास नगर साहित्यिक महोत्सव २०८२ को खर्च अनुमोदन सम्बन्धमा । |
| प्रस्ताव नं.२१: | सामुदायिक विद्यालयका प्र.अ. हरुको क्षमता अभिवृद्धि सम्बन्धमा । |
| प्रस्ताव नं.२२: | संस्थागत विद्यालय सञ्चालन अनुमति सम्बन्धमा । |
| प्रस्ताव नं.२३: | विभिन्न विद्यालय एवं क्याम्पसका विद्यार्थीहरुको छात्रवृत्ति वितरण सम्बन्धमा । |
| प्रस्ताव नं.२४: | शिक्षक, कर्मचारी एवं विद्यार्थी पुरस्कृत गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.२५: | शिक्षक क्षमता विकास तालिम सञ्चालन सम्बन्धमा । |
| प्रस्ताव नं.२६: | परीक्षा सञ्चालन खर्च अनुमोदन सम्बन्धमा । |
| प्रस्ताव नं.२७: | पशुपन्छी विकास उपशाखाको वार्षिक कार्यक्रमहरुमा अनुदानग्राही छनौट सम्बन्धमा । |
| प्रस्ताव नं.२८: | स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्बन्धमा । |
| प्रस्ताव नं.२९: | सवारी साधन सञ्चालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा । |
| प्रस्ताव नं.३०: | सुन्तला लगायत फलफूल बगैचा व्यवस्थापन कार्यक्रमको अनुदान वितरण सम्बन्धमा । |
| प्रस्ताव नं.३१: | विगत ३ वर्षको राजश्व एवं लगानी सुत्रमा आवद्ध गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.३२: | स्वयंसेवक शिक्षकहरुको तलब निकासा सम्बन्धमा । |
| प्रस्ताव नं.३३: | सम्झौताको म्याद थप गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.३४: | अत्यावश्यक योजना उपचार खर्च एवं विपद् व्यवस्थापन सम्बन्धमा । |

**निर्णयहरुः**

<u>निर्णय नं.१:</u> प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/११/१० मा भएको २३२ औं व्यास नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु एवं नगरपालिकाबाट भएका सेवा प्रवाहको समीक्षा गरियो ।

<u>निर्णय नं.२:</u> प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ३४ औं स्थापना दिवस चैत्र ३० गते विविध कार्यक्रमका साथ बिहान ११:०० बजे दमौली सभा कक्षमा आयोजना गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.३:</u> प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.२०८२/०८३ मा प्रक्षेपित कुल रू.१,७२,५२,०४,५००। (अक्षरुपी एक अर्ब वहत्तर करोड बाउन्न लाख चार हजार पाँच सय) मध्ये संघ, प्रदेश, राजश्व बाँडफाँड आन्तरिक श्रोतबाट फाल्गुन मसान्तसम्म रू.८४,०३,७८,११०।०४ (अक्षरुपी चौरासी करोड तीन लाख अठहत्तर हजार एक सय दश रुपैयाँ चार पैसा) आय प्राप्त (४८.७१%) रहेको, चालुतर्फ (५१.२७%) र पूँजीगततर्फ (२१.८३%) खर्च भई कुल खर्च (३८.०७%) भएको बैठकमा जानकारी प्राप्त भई पूँजीगत खर्च र योजनाहरुको भौतिक प्रगतीतर्फ सम्बन्धित निर्माण व्यवसायी लगायत जिम्मेवार पक्षलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

<u>निर्णय नं.४:</u> प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमलाई नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरवार काठमाण्डौसँग सहकार्य गरी संकलित तथ्याङ्कको विश्लेषणात्मक विवरण प्रकाशित गर्ने र सम्बन्धित नगरवासीको गुनासो व्यवस्थापन एवं सम्बोधन गर्न नेपाल सरकार गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका २०७५ को (पहिलो संशोधन सहित) बमोजिम नगरस्तरीय र वडा स्तरीय गुनासो सुनुवाई समिति गठन गर्ने निर्णय गरियो ।

**<u>(क) नगरस्तरीय सुनुवाई समिति :</u>**

१. संयोजक श्री ईन्दिरा दरै - उप-प्रमुख
२. सदस्य श्री सुकदेव लम्साल - प्रमुख प्रशासकीय अधिकृत
३. सदस्य श्री चन्द्रमाया परियार - कार्यपालिका सदस्य
४. सदस्य सचिव - श्री गोकर्णराज वाग्ले - गुनासो सुनुवाई अधिकारी

**<u>(ख) वडास्तरिय सुनुवाई समिति :</u>**

१. संयोजक श्री वडा अध्यक्ष - सम्बन्धित वडा
२. सदस्य श्री दलित वा महिला सदस्य मध्ये -१ जना
३. सदस्य सम्बन्धित वडाको गणकहरु मध्ये -१ जना
४. सदस्य सचिव सम्बन्धित वडाका सचिव

<u>निर्णय नं.५:</u> प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिकाले दोस्रो चौमासिक अवधिसम्म सम्पादन गरेको सेवा र कार्यका सम्बन्धमा आम नागरिकलाई जानकारी गराउने उद्देश्यले मिति २०८२/१२/२० गते व्यास-७ कलेस्ती वडा कार्यालयमा बिहान ११:०० बजे सार्वजनिक सुनुवाई गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं.६:</u> प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिका क्षेत्रभित्र बाँकी रहेका जमिनलाई उपयोग गर्ने उद्देश्यले नेपाल सरकारको स्वीकृतिमा भूमी बैंक स्थापना हुन लागेकाले सो सम्बन्धी कार्यविधि २०८२ निर्माण गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७:</u> प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्रज्ञा प्रतिष्ठान सञ्चालन कार्यविधि, २०८१ संशोधन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.८:</u> प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन एवं नागरिक स्तरमा वित्तिय साक्षरता गर्ने गराउने सम्बन्धमा विज्ञहरुबाट आजको बैठकमा प्रस्तुत प्रारम्भिक प्रतिवेदनमा सुझावहरु

प्रदान गरी सम्बन्धित वडाको आयोजनामा यस नगरपालिकाका सबै वडाहरुमा वित्तिय साक्षरता कार्यक्रम सम्बन्धित टोल विकास संस्थाका प्रतिनिधिहरु सहभागी गराई (सामान्यतया ४० देखि ५० जनाको सहभागिता) सञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको सुशासन, सेवा प्रवाह र विकास व्यवस्थापनलाई प्रभावकारी बनाउन नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने र प्रमुख प्रशासकीय अधिकृत श्री सुकदेव लम्सालका बीचमा कार्य सम्पादन सम्झौता सम्पन्न भएको निर्णय गरियो ।

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको दोस्रो अध्यावधिक योजना (२०८२-०८६) तयारी सम्बन्धमा विज्ञबाट प्रस्तुत प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी सुझाव प्रदान गरी थप प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा (क) व्यास नगरपालिकाका वडा नं.१ मा अवस्थित निर्मल मा.वि.मा कार्यरत मा.वि. तह सामाजिक विषयकी स्थायी शिक्षक श्री मिनु सेन्चुरीलाई व्यास १ भादगाँउस्थित जलदेवी मा.वि.मा कामकाज गर्ने गरी खटाउने निर्णय गरियो ।

(ख) व्यास ६ स्थित रत्नज्योति आधारभूत विद्यालयमा कार्यरत प्रा.वि. स्थायी शिक्षक श्री पवनकुमार श्रेष्ठलाई यो शैक्षिक वर्ष पूरा भए पश्चात् २०८३ साल बैशाख २ गतेदेखि लागु हुने गरी व्यास ५ चापाघाटमा अवस्थित संगम प्रा.वि.मा कामकाजमा खटाउने र रत्नज्योति आधारभूत विद्यालयमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सरुवा/खुल्ला विज्ञापन अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम बजेट विनियोजन सम्बन्धमा छलफल गर्दा संघीय बजेटको सि.नं.४३४, शीर्षक नं.२२५२९ अन्तर्गत आन्तरिक रोजगारी सृजना/ प्रवर्द्धनका लागि रू.४,७२,०००। (अक्षरुपी चार लाख बहत्तर हजार) विनियोजन भएको र शत्प्रतिशत रकम स्थानीय पालिकाले साझेदारी गर्नुपर्ने प्रावधान अनुसार यस आ.व.को कार्यक्रम तथा बजेट खर्च क्र.सं.१५२ र १५३ शीर्षक नं.२२५२९ मा रू. ४,७२,०००। (अक्षरुपी चार लाख वहत्तर हजार) थप गरिएको हुदाँ ३ वटै शीर्षकमा गरी आन्तरिक रोजगारी सृजनाका लागि जन्मा रकम रू.९,४४,०००। (अक्षरुपी नौ लाख चौवालिस हजार) हुन जाने भएकाले सो रकमलाई वडाको योजनागत सिफारिस समेतका आधारमा हाललाई देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | आयोजनाको नाम | बजेट रकम रू. |
|---|---|---|---|
| १. | ६ | शान्ती टोल विकास संस्था अन्तर्गत पर्ने स्वामी चौतारा निर्माण | १,००,०००/- |
| २. | ११ | ठाडो पाखा पदमार्ग अधुरो योजना | २,००,०००/- |
| ३. | ११ | शिखरपुर पदमार्ग निर्माण योजना | २,००,०००/- |
| ४. | १३ | जनजागृती बगैंचा र काजीधारा देखि थानी मन्दिर जाने बाटो निर्माण | ३,००,०००/- |
| | | जम्मा : | ८,००,०००/- |

निर्णय नं. १३: प्रस्ताव नं. १३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आ.व.०८२/०८३ को कार्यक्रम आयोजना अन्तर्गत तपसिल वमोजिमका कार्यक्रमहरु विविध कारणवश परिवर्तन गर्नुपर्ने भएकाले सम्बन्धित वडाको सिफारिस वमोजिम योजना परिवर्तन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | हाल योजनाको नाम | परिवर्तन पछि हुने योजनाको नाम | विनियोजन रकम | शीर्षक नं. |
|---|---|---|---|---|---|
| १. | ४ | ट्राफिक प्रहरी कार्यालयबाट | सिमलटार स्वास्थ्य चौकीबाट टोल | ३,००,०००। | ५१० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जेसिआई भवन जाने वाटोमा नाला निर्माण | भवन जाने बाटोमा नाली निर्माण | | |
| २. | ४ | बाघभञ्ज्याङ्गमा सार्वजनिक सौचालय निर्माण | व्यास ४ को गुरुङ समुदायको चिहानडाँडामा सार्वजनिक सौचालय बनाउने | ५,००,०००। | ९९६ |
| ३. | ११ | महिला तथा युवा सिप विकास तालिम | जलवायु परिवर्तन सम्बन्धी सचेतना कार्यक्रम | २,००,०००। | २७० |

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका र निर्माण व्यवसायी श्री एच.आर.बी./शिवदेव जे.भी. बीच मिति २०८०/१२/२५ मा सम्झौता भई सञ्चालित "Baireni Land Pooling Project, Phase- 1 (VYASMUN/BLPP/NCB/W/01/2080-081)" को "सडक तथा अन्य स्ट्रकचर निर्माण" कार्यको शिलशिलामा सतह ढल निकासको लागि भौगोलिक जटिलताका कारण स्वीकृत परिमार्जित ब्लक प्लान अनुसार साविकका दुई वटा नालाको सट्टामा एउटा मुख्य नाला (Main Drain With Double Mesh Reinforcement Cover Slab) निर्माण गर्दा कम लागत लाग्ने देखिएको र सोही मुख्य नालाको रेखाङ्कनमा पर्ने ३ स्थानमा Slab Culvert निर्माण गर्नुपर्ने भएको र बोटेगाँउदेखि मादीतर्फ बोटेनी खोल्सी क्षेत्रको भू-धरातल संरक्षणका लागि थप टेवा पर्खाल (Toe Wall) निर्माण गर्ने र सो पर्खालमा ४ इन्चको ४ के.जी. प्रेसरको HDPE पाइप (Weep- Hole का लागि) प्रयोग गर्नुपर्ने देखिएको साथै आयोजनाको स्वीकृत परिमार्जित नक्सा अनुसार स्थानान्तरण गर्नुपर्ने स्थानीय जग्गाधनी **सम्झना सार्की र सूर्यबहादुर सार्की**को घरमा प्लास्टर कार्य, Eps Pannel र फल्स सिलिङमा पट्टी (Putty) लगाउने लगायतका फिनिसिङका थप नयाँ कार्यहरु समेत गरी ठेक्का रकमको भ्याट समेत कुल जम्मा ४.३७ प्रतिशत रकम थप गर्नुपर्ने देखिएको भनी भेरियसनको लागि प्रस्ताव पेश हुन आएकोमा प्राप्त प्राविधिक प्रतिवेदन अनुसारको कार्यको परिमाण संशोधन गरी निर्माण कार्य सम्पन्न गर्न मनासिव देखिएकोले सर्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (१)(क) र (ख) बमोजिम भेरिएसन् आदेश जारी गर्ने तथा शेष कार्य यथाशिघ्र सम्पन्न गर्न आदेश दिने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं. १५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका साझेदारी विकास कोष सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद २ को दफा ४ को (क) र (ख) बमोजिम व्यास नगरपालिका साविक वडा नं.७ हाल व्यास नगरपालिका वडा नं.५ मा रहेको अलैचे बाख्रा पालन सञ्चालन गर्नका लागि दिलबहादुर थापा र गुमी थापालाई मिति २०६५/०३/१६ मा रू.५०,०००। (अक्षरुपी पचास हजार रुपैयाँ) ऋण लगानी गरिएको र मिति २०७४/५/२९ मा साँवा रू.३०,३६०। (अक्षरुपी तीस हजार तीन सय साठी) र हर्जना रू.२४,६६.६५। (अक्षरुपी दुई हजार चार सय छैसठ्ठी रुपैयाँ पैसठ्ठी पैसा) बुझाई बाँकी रू.१८,९७२.७३। (अक्षरुपी अठार हजार नौ सय बहत्तर रुपैया त्रिहत्तर पैसा) देखिन आएको र हाल निज दिलबहादुर थापाले ब्याज रकम रु.२९,१२६.५०। (अक्षरुपी उनान्तिस हजार एक सय छब्बिस रुपैयाँ पचास पैसा) र हर्जना रकम रू.३०,६५.६३। (अक्षरुपी तिन हजार पैसठ्ठी रुपैयाँ त्रिसठ्ठी पैसा) गरी जम्मा रु ३२,१६३.१३ (अक्षरुपी बत्तीस हजार एक सय बैसठ्ठी रुपैयाँ तेह्र पैसा) बुझाउन असमर्थ देखाई मिनाह गरी पाउ भनी निवेदन पेश हुन आएको र व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०८० मा व्यास नगरपालिका साझेदारी कोष सञ्चालन कार्यविधि २०७८ लाई संशोधन गरी (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) मा दफा ८ को (क) पछि (ख) २०७६ साल पौष मसान्त अगाडि लगानी पश्चात् साँवा व्यास असुल गर्दा ऋणी वेपत्ता भएका, दामासाहीमा परेका वा विशेष कारणवश ब्याज हर्जना बुझाउन नसक्ने ऋणीहरुको हकमा ब्याज र हर्जना मात्र मिनाह दिन सकिन्छ र सो सम्बन्धमा अनिवार्य रुपमा कार्यपालिका मार्फत अनुमोदनको लागि सभामा पेश गर्नुपर्ने भन्ने उल्लेख भएको कारण दिलबहादुर थापा र गुमी थापालाई ब्याज र हर्जना रकम मिनाहा दिने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास १० माइथुम्कीमा रहेको समायोजन भैसकेको रविचन्द्र प्राथमिक विद्यालय र सो विद्यालयले चर्चेको जग्गा हाल विद्यालय प्रयोजनमा नरहेकाले "ओसो केन्द्र" सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा दमौलीमा सञ्चालित ५५ टयाम्पु व्यवसायीहरुले सहज यातायात प्रा.लि. लाई कम्पनीमा दर्ता गरी यस नगरपालिकामा सञ्चालन अनुमति माग गरेकाले नियमानुसार अनुमति प्रदान गर्ने र टयाम्पु थप दर्ता नगर्ने गरी नवीकरण प्रकृया अगाडि बढाउने समेत निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा रेडक्रस उप-शाखा कलेस्तीको आयोजना एवं शहिद गंगालाल हृदय केन्द्रको प्राविधिक सहयोगमा मिति २०८२/१२/१५ गते आइतबार क्यामिन मा.वि. कलेस्तीमा निःशुल्क मुटु परीक्षण शिविर गर्ने गरी आवासीय सहयोगको मात्र माग भै आएकाले शिविर सफल बनाउने गरी आवश्यक सहजीकरण गर्न स्वास्थ्य तथा जनसंख्या शाखालाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त दिन नगरका शिक्षा, स्वास्थ्य, महिला बालबालिका, कृषि पशुपंक्षी शाखाले प्रदान गर्ने सेवाहरु घुम्ती सेवा प्रवाह गर्ने निर्णय ।

निर्णय नं.१९: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि विभाग इन्जिनियरिङ (Faculty of Science and Technology School of Engineering) बाट यस नगरपालिकासँग सहकार्य गरी विद्यार्थी इन्टर्नसिपमा पठाउने समझदारी गर्न अनुरोध भई आएकाले समझदारी गर्ने गराउने गरी आवाश्यक निर्णय लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२०: प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा मिति २०८२ साल माघ ९ र १० मा व्यास नगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको बहुजातीय बहुभाषिक साहित्यिक प्रतियोगितामा भएको विभिन्न शीर्षकमा भएको कुल खर्च रू.२,९९,९००। (अक्षरुपी दुई लाख उनान्सय हजार नौ सय) बजेट शीर्षक नं.११६ बाट खर्च हुने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२१: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुका लागि उत्कृष्ट शैक्षिक अभ्यास अध्ययन, उत्कृष्ट सिकाई र असल अभ्यास आदान प्रदान एवं प्रधानाध्यापक पेशागत विकास, प्रधानाध्यापक क्षमता अभिवृद्धी कार्यक्रम गरी सो को प्रगती प्रतिवेदन पेश गर्ने गरी कार्यक्रम व्यवस्थापन गर्न बजेट शीर्षक नं.८६ बाट खर्च हुने गरी रू.३,००,०००। (अक्षरुपी तीन लाख) विनियोजत गरी आवश्यक सहजीकरण गर्न शिक्षा तथा युवा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.२२: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.९ स्थित कलेस्ती रिभर साईड बोर्डिङ स्कुल विगतका वर्षहरुमा स्वीकृति पाई सञ्चालनमा रहेको तर हाल करिब २/३ वर्ष बन्द भई शैक्षिक वर्ष २०८२ बाट पुनः सञ्चालन भई अनुमति एवं IEMIS User ID र Password माग भई आएकाले सञ्चालन अनुमति सहित IEMIS ID र Password उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२३: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत कक्षा ११, १२ र स्नातक, स्नाकोत्तर तह अध्ययनरत गरिव एवं जेहेन्दार छात्र/छात्राहरुलाई सम्बन्धित क्याम्पस र विद्यालयको सिफारिस समेत लिई व्यास नगरपालिकाको स्थापना दिवसको सन्दर्भमा छात्रवृत्ती वितरण गर्ने व्यवस्था मिलाउन शिक्षा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं.२४: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा शिक्षा दिवस २०८२ को सन्दर्भमा यस नगरपालिका अन्तर्गतका शिक्षक, विद्यालय कर्मचारी र उत्कृष्ट विद्यार्थी पुरस्कृत एवं सम्मान गर्ने कार्य विविध कारणले स्थगित हुँदै आएकाले नगरपालिकाको ३४ औं स्थापना दिवसका दिन पुरस्कृत एवं सम्मान गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.२५: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका शिक्षक कर्मचारीलाई बजेट शीर्षक नं.८८ बाट खर्च हुने गरी निम्नानुसार तालिम सञ्चालन गर्न शिक्षा तथा खेलकुद शाखालाई निर्देशन दिने निर्णय गरियो ।

क. प्रश्नपत्र निर्माण कार्यशाला

ख. आधारभूत तहका प्रधानाध्यापक/लेखा हेर्ने शिक्षकहरुलाई लेखा व्यवस्थापन तालिम

ग. सामाजिक परीक्षण तथा विद्यालय सुधार योजना निर्माण कार्यशाला

घ. प्राथमिक उपचार सम्बन्धी तालिम

निर्णय नं.२६: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर स्तरीय आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबाट अनुरोध भई आएको परीक्षासँग सम्बन्धित कार्यमा खटिने व्यक्तिहरुलाई तोकिएको पारीश्रमिक रकम, परिक्षा केन्द्र सञ्चालन खर्च, उत्तर पुस्तिका परीक्षण/समपरीक्षण खर्च तथा परीक्षा सञ्चालनका लागि प्रस्तावित खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.२७: प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समितिबाट सिफारिस भए बमोजिम पशुपंक्षी उपशाखाको गाई भैंसी प्रवर्द्धन कार्यक्रम, व्यवसायिक पशु फर्ममा मलमूत्र व्यवस्थापन कार्यक्रम ५० प्रतिशत अनुदान, बाख्रा प्रवर्द्धन कार्यक्रम र मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रमहरुमा "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" बमोजिम देहाय बमोजिमका फार्महरुलाई ५० प्रतिशत लागत साझेदारीमा निम्नानुसारका अनुदान रकम प्रदान गर्ने गरी छनौट गर्ने र सम्झौता प्रकृया अगाडि बढाउन शाखा/उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**१.गाई भैंसी प्रवर्द्धन कार्यक्रमः** (छनौट संख्याः ७, कार्यक्रम सि.नं. ३५३, ख.शी. २२५२२)

| क्र.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | अनुदान रु. |
|---|---|---|---|---|
| १. | आचार्य गाई पालन फर्म | व्यास ५,चिन्तुटार | खडानन्द आचार्य | ६१,०००/- |
| २. | गुरुङ कृषि तथा पशु फर्म | व्यास७, सामाली | सुनिता गुरुङ | ६१,०००/- |
| ३. | सामाली भैंसी फर्म | व्यास७, सामाली | राजेश गुरुङ | ६१,०००/- |
| ४. | प्रतिक प्रसिद्ध पशुपंक्षी फर्म | व्यास १३, वेलवास | दुर्गा बगाले रिमाल | ६१,०००/- |
| ५. | मुक्तिनाथ अधिकारी कृषी तथा पशु फर्म | व्यास १०,खहरे | मुक्तिनाथ अधिकारी | ६१,०००/- |
| ६. | सुनिता कृषी तथा पशु फर्म | व्यास ११, रानीगाँउ | प्रकाश मिश्र | ६१,०००/- |
| ७. | कविता कृषी तथा पशु फर्म | व्यास १०,कुमालटारी | कविता वि.क. | ६१,०००/- |
| जम्मा | | | | ४,२७,०००/- |

**वैकल्पिक सूची**

| क्र.सं | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम |
|---|---|---|---|
| १. | सिता फलफूल तथा कृषी फर्म | व्यास १३ | सिता माया गुरुङ |

**२.व्यवसायिक पशु फर्ममा मलमूत्र व्यवस्थापन कार्यक्रमः** (छनौट संख्याः ५, कार्यक्रम सि.नं.१३८ ख.शी. २२५२९)

| क्र.सं | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | अनुदान रु. |
|---|---|---|---|---|
| १. | श्रीदेव कृषी तथा पशु फर्म | व्यास १,रत्तौली | रन्जिता क्षेत्री भुजेल | ७५,०००/- |
| २. | भूमि उर्वरा गड्यौला मल तथा कृषी फर्म | व्यास१०, चुरेखोल्सी | विन्दु पौडेल भट्टराई | ७५,०००/- |
| ३. | सात कन्या कृषी तथा पशु फर्म | व्यास९, सुनखोल्सी | माया अधिकारी | ७५,०००/- |
| ४. | सिता देवी कृषी तथा पशु फर्म | व्यास ७, सिमलटार | ववित‍ा पौडेल | ७५,०००/- |
| ५. | ईश्वरी कृषी तथा पशु फर्म | व्यास ११, पोल्याङ | ईश्वरी तिवारी पन्थ | ७५,०००/- |
| जम्मा | | | | ३,७५,०००/- |

| |
|---|
| छनौट भएका कृषक तथा प्राविधिकहरुलाई मलमूत्र सम्बन्धी विज्ञ आमन्त्रण गरी तालिम प्रदानः २५,०००/- |

**३. बाखा प्रवर्द्धन कार्यक्रमः** (छनौट संख्याः ५,कार्यक्रम सि.नं. ३५१, ख.शी. २२५२९)

| क.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | अनुदान रु. |
|---|---|---|---|---|
| १. | बसाहदेव पशुपंक्षी फर्म | व्यास ९,सिद्धभयर | सुक वहादुर गुरुङ | ७०,०००/- |
| २. | हिमशिखर बाख्र पशु फर्म | व्यास१३, कोटथोक | हिम बहादुर आले | ७०,०००/- |
| ३. | ऋषिभ बाखा फर्म | व्यास१३, गुँदी | इन्द्र देव पन्थ | ७०,०००/- |
| ४. | दाजुभाई कृषि तथा पशु फर्म | व्यास ७, हाँसेस्वाँरा | सविन कुँवर | ७०,०००/- |
| ५. | कमला तिवारी कृषि तथा पशु फर्म | व्यास १२, छाब्दी | कमला तिवारी | ५०,०००/- |
| जम्मा | | | | ३,३०,०००/- |

**४. मासुका लागि पाडा प्रवर्द्धन कार्यक्रमः** (छनौट संख्याः १,कार्यक्रम सि.नं. ३५४, ख.शी. २२५२२)

| क.सं. | फार्मको नाम | ठेगाना | सञ्चालकको नाम | अनुदान रु. |
|---|---|---|---|---|
| १. | कृष कृषी तथा पशु फर्म | व्यास १०,बैरेनी | तारादेवी श्रेष्ठ | १,५०,०००/- |

<u>निर्णय नं.२८:</u> प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा तपसिलमा उल्लेखित कार्यहरु बोलपत्र/दरभाउ मार्फत गर्ने गरी प्रकाशित सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्म/कम्पनीका बोलपत्र/दरभाउ पत्रहरु मध्ये न.पा. बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम तपसिल बमोजिमका बोलपत्र/दरभाउ पत्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम | कबोल रकम( मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | 02/GOODS/VYASMUN /2082.083 | आवश्यक सवारी साधन खरिद (Supply of Double Cab Pickup 4WD) कार्य | श्री B.B. Incorporated PVT.LTD नयां बजार पोखरा | ४५,५७,५२२।१२ |
| २ | 01/GOODS/VYASMUN /2082.083 | सवारी साधन खरिद ( Supply of Hard Top Jeep 4WD, As Per Specification) | श्री B.B. Incorporated PVT.LTD नयां बजार पोखरा | ८२,२५,६६३।७२ |
| ३ | 12/Works/vyasmun /2082.083 | मादीपुल बैरेनी सडक स्तरोन्नती योजना | श्री लक्ष्मी निर्माण सेवा व्यास २ दमौली | १४,०५,६५८।० |
| ४ | 15/Works/vyasmun/ 2082.083 | कमलडिही सरसफाई केन्द्र पुर्वाधार निर्माण योजना | श्री लक्ष्मी निर्माण सेवा व्यास २ दमौली | ८००४४२।०० |
| ५ | 13/Works/vyasmun/2 082.083 | सिरानटोल दरै भवन टोलचोक भेटघाट स्तरोन्नती योजना | श्री लक्ष्मी निर्माण सेवा व्यास २ दमौली | ११७४५५२।०० |
| ६ | 14/Works/vyasmun/2 082.083 | कलेस्तीपुल अधेरीभञ्ज्याङ मार्ग स्तरोन्नती | श्री लक्ष्मी निर्माण सेवा व्यास २ | १०,५९,१८०।०० |

<u>निर्णय नं.२९:</u> प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय आर्थिक गणना २०८२ चैत्र १ गते देखि २०८३ असार मसान्तसम्म (चार महिना) गर्ने गरी मिति २०८३/१/२ देखि २०८३/३/७ गतेसम्म स्थानीय गणनाको कार्यतालिका रहेकाले राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ अनुसार निम्नानुसार स्थानीय आर्थिक गणना समन्वय समिति र आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्ने निर्णय गरिन्छ ।

**क<u>) स्थानीय आर्थिक गणना समन्वय समिति :</u>**

**१. संयोजक** - नगर प्रमुख

२. **सदस्य** - उप-प्रमुख
३. **सदस्य** - ३ जना (उद्योग वाणिज्य संघ प्रतिनिधी)
४. **सदस्य** -  सुरक्षा प्रतिनिधि
५. **सदस्य सचिव** - गोकर्णराज वाग्ले (सूचना शाखा प्रमुख)

**(ख) <u>आर्थिक गणना वडा सहजीकरण समिति :</u>**

१. **संयोजक** - वडा अध्यक्ष (सम्बन्धित वडा)
२. **सदस्य** - वडा सदस्य मध्ये १ जना (वडा अध्यक्षले तोकेको)
३. **सदस्य** - स्थानीय वाणिज्य व्यापार संघका प्रतिनिधी ३ जना
४. **सदस्य** - सुरक्षा प्रतिनिधि
५. **सदस्य सचिव** - सम्बन्धित वडाको वडा सचिव

<u>निर्णय नं. ३०:</u> प्रस्ताव नं. ३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका सवारी साधन तथा यातायात व्यवस्थापन कार्यविधि २०७७ को दफा १४ (१) अनुसार व्यास नगरपालिका अन्तर्गत सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन, व्यवस्थापन तथा भाडादर निर्धारण नियमन गर्ने सम्बन्धमा निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

१. **संयोजक** - श्री ईन्दिरा दरै
२. **सदस्य** - श्री रनसिंह नेपाली
३. **सदस्य** - श्री किस्ना दुरा गुरुङ
४. **सदस्य** - यातायात कार्यालयको अधिकृत प्रतिनिधि
५. **सदस्य** - तनहुँ जिल्ला ट्राफिक प्रहरी प्रमुख
६. **सदस्य** - उपभोक्ता हित मञ्च प्रतिनिधि १ जना
७. **सदस्य** - उद्योग वाणिज्य संघ इकाई प्रतिनिधि १ जना
८. **सदस्य** - यातायात व्यवसायी समिति प्रतिनिधि १ जना
९. **सदस्य सचिव** - शाखा प्रमुख

<u>निर्णय नं.३१:</u> प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा कृषि विकास उपशाखा तर्फको कृषि/फर्महरु छनौट भएका तपसिलको कृषक सुन्तला लगायत बगैचा व्यवस्थापन कार्यक्रम अनुसार कार्य सम्पन्न गरेकाले आर्थिक विकास समिति मार्फत सिफारिस भए बमोजिमको रकम ५० प्रतिशतसम्म भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | कृषक/कृषि फर्मको नाम | ठेगाना | भुक्तानी रकम रु. (५०% अनुदान रकम) |
|---|---|---|---|
| १ | बेनिकोट कृषि तथा पशुपंक्षी फर्म | व्यास-१३ | २२,५००/- |
| २ | प्रविशा कृषि तथा पशु फर्म | व्यास-११ | १७,०८५/- |
| ३ | ओजराज पौडेल | व्यास-०८ | १५,०००/- |
| ४ | ईन्द्र विलास न्यौपाने | व्यास-८ | २२,५००/- |
| ५ | कमला पाहारी | व्यास-०८ | २१,९१०/- |
| ६ | के.डी नमुना सुन्तला कृषि फर्म | व्यास-०९ | ३९,०००/- |
| ७ | सिर्जना कृषि तथा पशु फर्म | व्यास-१३ | २१,५००/- |
| ८ | मानतिरी वर्ड फर्म | व्यास-१३ | १५,०००/- |
| ९ | सविता कृषि फर्म | व्यास-१४ | ३६,०००/- |
| १० | ओम बहादुर बस्नेत | व्यास-०८ | २१,९८०/- |
| ११ | शिव शर्मा पन्थ | व्यास-१३ | ७,५००/- |
| १२ | झमन सिंह आले | व्यास-१४ | २०,०००/- |

| क्र.स. | कृषक/कृषि फर्मको नाम | ठेगाना | भुक्तानी रकम रु. (५०% अनुदान रकम) |
|---|---|---|---|
| १३ | सुर्यवंशी कृषि तथा पशु फर्म | व्यास-१३ | १५,८५८/- |

**निर्णय नं.३२** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल गर्दा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा करार सेवामा कार्यरत स्वयं सेवक शिक्षकहरुको तलब भत्ता २०८२ साल चैत्र मसान्तसम्मको निकासा गर्ने र शैक्षिक सत्र २०८३ बाट स्वयं सेवक शिक्षक र आन्तरिक बाल विकास सहजकर्ताको तलब भत्ता शीर्षकमा तलब भत्ता निकासा नगरिने हुदाँ स्वयंसेवक शिक्षकहरुलाई हालसम्मको सेवालाई स-धन्यवाद ज्ञापन गर्ने र सोको जानकारी सम्बन्धित विद्यालयहरुलाई गराउने निर्णय गरियो ।

**निर्णय नं.३३**: प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मादी सेती नदीको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा (न्युरोघारीदेखि खहरे ढाँडखोलासम्म) उत्खनन् तथा बिक्रीका लागि बोलपत्र सकार गर्ने श्री जिटा इन्जिनियरिङ एण्ड सिभिल कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि. चन्द्रागिरी ९ काठमाण्डौंसँग सम्झौताका लागि मिति २०८२ फागुन १५ गतेदेखि मिति २०८२ फागुन २५ गतेसम्म पहिलो पटक १० दिनको म्याद थप गरिएकोमा निर्वाचन लगायतका विविध कारणले सम्झौता गर्न असमर्थ भएको हुँदा म्याद थप गरिपाउँ भनी यस कार्यालयमा निवेदन पेश भएको हुँदा सम्झौताका लागि फागुन २६ गतेदेखि २०८२ चैत्र २३ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.३४: प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा अत्यावश्यक कार्य एवं विपद्जन्य कार्यमा निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरयो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | तालघरे खानेपानी ट्याङ्की निर्माण | १ | ३,००,०००/- | ८७६ |
| २. | पौडेल कृषि फार्म पाइप खरिद | १ बस्ने १२ | १५,०००/- | ८७८ |
| ३. | क्षेत्री समाज भवन मोहोरिया टोल मर्मत | १ | ५०,०००/- | ८७५ |
| ४. | चारकुने टोल क्रियापुत्री भवन जाने बाटो निर्माण | १ | ५०,०००/- | ९७८ |
| ५. | नुर बहादुर थापा उपचार खर्च | २ | २५,०००/- | ६१ |
| ६. | व्याडमिण्टन कोर्टमा Exaust Fan जडान | ३ | ३,५०,०००/- | ११७/११८ |
| ७. | क्षेत्रीगाउँ टुहुरेखोल्सी ट्याङ्की निर्माण | ५ | १,००,०००/- | ८७६ |
| ८. | मालेपहरा खानेपानी पाइप खरिद | ६ | ५०,०००/- | ८७६ |
| ९. | सुन्दरटोल खेलमैदान स्तरोन्नती | ६ | १,००,०००/- | ८७९ |
| १०. | खुण्टाखेत कुलो निर्माण | ६ | १,००,०००/- | ८७८ |
| ११. | गाइने खेत उपल्लो कुलो मर्मत | ६ | ४०,०००/- | ८७८ |
| १२. | रामराज गौली खेत सिँचाइ कुलो निर्माण | ६ | १,००,०००/- | ८७८ |
| १३. | करौंदे खोला कृषि मार्ग ह्युम पाइप खरिद | ६ | १,२०,०००/- | ९७८ |
| १४. | जागृती कृषि समूह यान्त्रिक उपकरण खरिद | ७ | १,००,०००/- | १४२ |
| १५. | सिमलटार नरङ्गा सडक बत्ती व्यवस्थापन | ७ | १,००,०००/- | ८८१ |
| १६. | क्यामिन मा.वि. तारवार व्यवस्थापन | ७ | २,००,०००/- | ८७७ |
| १७. | पञ्चज्योति प्रा.वि. स्मार्ट टि.भी. खरिद | ७ | ५०,०००/- | ८७७ |
| १८. | बेलथुम्की घर पैह्रो नियन्त्रण | ८ | १,००,०००/- | विपद |
| १९. | कालिका मार्ग सिँचाइ पाइप खरिद | ८ | ४०,०००/- | ८७८ |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| २०. | शहिद पार्क पुलिमराङ विद्युत लाइन जडान | ८ | २८,२६०/- | ७२ |
| २१. | शहिदधर्म कम्प्युटर मर्मत समेत | ८ | ३०,०००/- | ८७७ |
| २२. | ढाडकुलो सिँचाइ पाइप खरिद | ८ | ३३,०००/- | ८७८ |
| २३. | सरस्वती आ.वि. फोटोकपी प्रिण्टर खरिद | ९ | ३०,०००/- | ८७७ |
| २४. | पिडालु खोल्सी देउराली खानेपानी इनार निर्माण | १० | १,००,०००/- | ८७६ |
| २५. | जग्गानापी खाना खाजा खर्च उजेली दिदी भुक्तानी | १० | ६४,९५०/- | १६०/१६१ |
| २६. | कुचीटार श्रीभञ्ज्याङ्ग बाटो मर्मत निर्माण | १० | ५०,०००/- | ९७७ |
| २७. | केशवराज पन्थ उपचार सहयोग | ११ | २५,०००/- | ६१ |
| २८. | वेवारिस सम्झना घिमिरे उपचार सहयोग | १२ | २५,०००/- | ६१ |
| २९. | भू.पू. सैनिक एकता समाज सामग्री खरिद | १२ | १,००,०००/- | ८७५ |
| ३०. | मत्यकन्या आधारभूत विद्यालय निर्माण | १२ | ३,००,०००/- | ८७७ |
| ३१. | कोटथोक घ्यासथोक गुदीछाप डाँडा खानेपानी व्यवस्थापन | १३ | ६०,०००/- | ८७६ |
| ३२. | नेपाल मगर संघ मगर दिवस सहयोग | | ५०,०००/- | ११६ |
| ३३. | अधिवक्ता डा. अवतार न्यौपाने पारीश्रमिक भुक्तानी | | ५०,०००/- | ७२ |
| ३४. | खाद्य सुरक्षा तालिम सञ्चालन | | ७०,०००/- | ७२ |
| ३५. | कर्पोरेट मिडिया विज्ञापन सहयोग | | १०,०००/- | ३६ |
| ३६. | को.ले.नि.का. तनहुँ भौतिक निर्माण | | २,८०,०००/- | ९७८ |
| ३७. | तनहुँ ख्रिष्टियन समाज रक्तदान सहयोग | | २०,०००/- | ७२ |
| ३८. | सामुदायिक वन उपभोक्ता सहासंघ कार्यक्रम सहयोग | | ३०,०००/- | ७२ |
| ३९. | जिल्ला अदालत तनहुँ सामग्री खरिद भुक्तानी | | १,०४,८३०/- | ७७८ |
| ४०. | भगवती पानी मोटर बाटो स्तरोन्नती | | २,००,०००/- | ९७८ |
| ४१. | ड्राइभर खिमबहादुर राना उपचार सहयोग | | २०,०००/- | ६१ |
| ४२. | गणित शिक्षा हाजिरी जवाफ प्रतियोगिता सहयोग | | ५०,०००/- | ८२ |
| ४३. | मेयरकप व्याडमिण्टन प्रतियोगिता | | २,००,०००/- | ११७/११८ |
| ४४. | अन्तर मा.वि. वास्केट वल प्रतियोगिता सहयोग | | ६०,०००/- | ११७/११८ |
| ४५. | राजन थापा, उपचार सहयोग | | २५,०००/- | ६१ |
| ४६. | विपद व्यवस्थापन तारजाली खरिद | | १०,००,०००/- | ९७४ |

***